आज मिति २०७६ साल बैशाख ०९ गते सोमबारका दिन दिउसो ११:०० बजे यस त्रिवेणी गाउँपालिका भित्रको विविध विषयमा छलफल गरी निर्णय लिन गाउँ कार्यपालिकाका अध्यक्ष श्री मानबहादुर डाँगीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णय भयो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री मानबहादुर डाँगी | अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री करुणा खड्का | उपाध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीलाल खत्री | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मेघराज रोका | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री हुकुम प्रसाद महतारा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीराज शर्मा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री डिल्लीबहादुर बोहरा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मानबहादुर वली | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री कान्ती वली | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री गायत्री बुढाथोकी | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री पार्वती वि.क.दलामे | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री रती वि.क. | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री दली बवाल | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री डवलसिंह सार्की | कार्यपालिका सदस्य त्रिवेणी गाउँपालिका, |
| श्री रेमन्तबहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत,सदस्य सचिव |

आमन्त्रित

श्री तिलक रावल अधिकृत छैटो, त्रिवेणी गा.पा.

**प्रस्तावहरु**

१. गाँउपालिका केन्द्र भवनको लागि जग्गा खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाने सम्बन्धमा ।
२. स्थानीय विपद व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा ।
३. त्रिवेणी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली निर्माण सम्बन्धमा ।
४. शिक्षा समितिबाट शिफारिस भएका निर्णयहरु अनुमोदन गर्ने ।
५. सशस्त्र प्रहरीलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
६. बाह्य खोप केन्द्र निर्माण गर्न स्थान छनौट गर्ने सम्बन्धमा ।
७. विद्युतिकरण गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं १,**

प्रस्ताव नं १ माथि छलफल गर्दा गाउँपालिकाको केन्द्र भवन निर्माण गर्न त्रिवेणी गा.पा. ६ लुहाममा स्थानीय जग्गादाताहरुबाट ५ रोपनी जग्गा प्राप्त भएको र मापदण्ड अनुसार तथा जग्गाको साइज मिलानको लागि नपुग हुन आउने जग्गा खरिद गर्ने सम्बन्धमा कार्यपालिकाबाट यस अघि जुनसुकै निर्णय भएको भएतापनि समयाभाव लगायतका कारण अन्य प्रक्रियामा जानुभन्दा गाउँसभाको निर्णयानुसार सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ को प्रावधान अनुसार नै खरिद प्रक्रिया अगाडि बढाउन उपयुक्त हुने भएकोले सो अनुसार प्रक्रिया अगाडि बढाउने र त्यस सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) थप जग्गा खरिद गर्नको लागि गाउँ सभाबाट विनियोजन भएको रु.२० लाख आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी श्रोतान्तर गरी आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने ।

(ख) जग्गा खरिद गर्न हाल गाउँपालिकाको स्वामित्व भएको जग्गासंग जोडिएको जग्गाहरुको चलन चल्ती अनुसारको न्यूनतम मूल्य कायम गर्न शिफारिसको लागि देहाय बमोजिमको समिति गठन गर्ने र उक्त समितिले न्यूनतम मूल्य शिफारिस गर्दा स्थानीय जग्गादाता,स्थानीय राजनीतिक दल,नागरिक समाज,अन्य प्रतिष्ठित व्यक्तिहरुको राय सुझाव,मालपोत कार्यालयबाट जग्गा रजिष्ट्रेशन पारितको लागि तोकिएको न्यूनतम दर रेट,स्थानीय स्तरमा खरिद विक्रिको चाप र अवस्था तथा दर रेट लगायतका अवस्थालाई आधार मानी १५ दिन भित्र आफ्नो प्रतिवेदन सहितको शिफारिस कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**सिफारिस समितिको गठन**

| | |
|---|---|
| १. श्री करुणा खड्का, उपाध्यक्ष त्रिवेणी गा.पा. | संयोजक |
| २. श्री मानबहादुर वली, वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ३. श्री डिल्लीबहादुर बोहरा, वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ४.श्री छवीराज शर्मा, वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ५. श्री हुकुम प्रसाद महतारा, वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. श्री मेघराज रोका, वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ७. श्री छवीलाल खत्रि, वडा अध्यक्ष वडा न १ | सदस्य |
| ८. श्री तिलक रावल, अधिकृत | सदस्य सविच |

**निर्णय नं २,**

प्रस्ताव नं.२ माथि छलफल गर्दा गाउँपालिका भित्र क्षेत्रभित्र घटन सक्ने विभिन्न विपत्तिहरुबाट हुन सक्ने जोखिम न्यूनिकरण गर्न नीति तर्जुमा,योजना निर्माण तथा समन्वयको लागि विपद जोखिम न्यूनिकरण तथा व्यवस्थान ऐन,२०७४ को प्रावधान बमोजिम गाउँपालिका स्तरमा देहाय बमोजिमको स्थानीय विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

१.श्री मानबहादुर डाँगी, अध्यक्ष गाउँपालिका,
२. श्री करुणा खड्का, उपाध्यक्ष गाउँपालिका
३. वडा अध्यक्ष सवै वडा, त्रिवेणी गाउँपालिका
४. श्री डबलसिंह सार्की ,कार्यपालिका सदस्य
५. श्री दली बवाल ,कार्यपालिका सदस्य
६. प्रमुख इलाका प्रहरी कार्यालय, लुहाम
७. अध्यक्ष वन महासंघ त्रिवेणी गा.पा.
८. उद्योग वाणिज्य संघ सदस्य,गा.पा. अन्तरगत
९. अध्यक्ष,रिखे बाजार व्यवस्थापन समिति
१०. प्रमुख प्रशासकीय अधिकृत,त्रिवेणी गाउँ कार्यपालिका

**निर्णय नं ३,**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा त्रिवेणी गाउँपालिकाको खरिद प्रक्रियालाई व्यवस्थित र नियमित गर्नको लागि स्थानीय स्तरमा त्रिवेणी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७६ निर्माण गर्नको लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ४,**

प्रस्ताव नं ४ माथि छलफल गर्दा शिक्षा समितिबाट शिफारिस भई आएका देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

**तपशिल**

(क) संस्थागत विद्यालयहरुले कक्षा थपको लागि दिएको निवेदन, स्थलगत अनुगमन र शिक्षा समितिको सिफारिशको आधारमा निम्न बमोजिमको कक्षा सञ्चालनको अनुमति दिने निर्णय गरियो । साथै विद्यालयले बुझाउनु पर्ने कुनै छुट आवश्यक कागजपत्र समयमा बुझाएमा वा अनुगमनको क्रममा औल्याएका अपुग सूचकहरु पुरा गरेमा वा गर्ने प्रतिबद्धता व्यक्त गरेमा थप कक्षा सञ्चालनको लागि अनुमतिपत्र प्रदान गर्ने निर्णय गरियो

| नाम | अनुमति दिएको कक्षा |
|---|---|
| १. हिमपर्वत एकेडेमी फलाबाङ | कक्षा ९ |

२. नमुना इ.बोर्डिङ स्कुल काभ्रा कक्षा ६
३. हिरा बोर्डिङ स्कुल ढुङ्गेबजार कक्षा ५
४. ज्ञानज्योती ई.बोर्डिङ स्कुल लुहाम कक्षा ८
५. मिड वेष्ट्रन ई बोर्डिङ स्कुल सल्लेखोला कक्षा ६

(ख) गत वर्ष गाउपालिकाको स्रोतबाट भर्ना गरी २०७५ चैत्रसम्मको करार गरि काम काजमा लगाइएका तपसीलका स्यवमसेवक शिक्षक र शिशु शिक्षकहरुको कार्यसम्पादन सन्तोषजनक भएकोले २०७६ चैत्र मसान्तसम्म करार थप गर्ने निर्णय गरियो ।

**स्वयमसेवक शिक्षक**

१.राजेन्द्र वली राधेश्याम मा.वि.
२ हुकुम बहादुर पुन राधेश्याम मा.वि
३.खेमराज रोका मा.वि.रेख
४. टिकाराम खडका मा.वि.सिम्क
५. एकराज के.सी. मा.वि.टोडके
६.लोकबहादुर वली मा.वि.टोडके
७.दलबहादुर भण्डारी आ.वि.दाङचुली
८.हेमराजके.सी. आ.वि.दाङचुली
९.सन्तोष परियार पशुपती आ.वि.
१० हेमन्त गौतम आ.वि.राताचौर
११.गजेन्द्र हमाल आ.वि.राताचौर

**शिशु शिक्षकहरु**

१. देवीसरा बस्नेत प्रा.वि.सालीवाङ
२. सजिना योगी के.सी. ने.रा.मा.व.रेख
३. टिका कुमारी वली खड्का लंकीनी प्रा.वि.
४. डम्बरी कुमारी बोहरा लक्ष्मीप्रा.वि
५. मनिषा वली प्रा.वि.कोलचौर
६. सन्जु भण्डारी (अधिकारी) पन्चकन्या प्रा.वि.
७. लिला वि.क. गायत्री प्रा.वि.ढोरचौर
८. गिता गिरी ने.रा.मा.वि.रेख

(ग) यस गाउँपालिका अन्तरगतका तपसीलका विद्यालयमा विद्यार्थी संख्या एकदम न्युन रहेकाले त्रिवेणी गाउँपालिकाको शिक्षा ऐनको दफा १० बमोजिम न्युनतम विद्यार्थी संख्या पुगेमा माथिल्लो कक्षा सञ्चालन गर्न सकिने गरी शैक्षिक वर्ष २०७६ देखि कक्षा घटुवा गर्ने निर्णय गरीयो । साथै यथाशिघ्र ती विद्यालयका प्र.अ. र वि.व्य.स.अध्यक्षहरुसगँ छलफल गरी कार्यान्वयन गर्ने निर्णय गरीयो ।

१.श्री लक्ष्मी प्रा.वि.डाडासल्ले कक्षा १- ५ वाट कक्षा १-३ सम्म
२. श्री लंकिनी प्रा.वि.कक्षा १ -५ वाट कक्षा १-३ सम्म
३. श्री सिद्ध आधारभुत विद्यालय चैतेडाडा कक्षा १-८ बाट कक्षा १-३ सम्म
४. श्री कृष्ण प्रा.वि.शंखपीपल कक्षा १ -५ वाट कक्षा १-३ सम्म
५. श्री सिद्ध देवीप्रा.वि.अखेला कक्षा १ -५ वाट कक्षा १-३ सम्म

(घ) गतवर्ष कम विद्यार्थी भएका विद्यालयबाट बढि विद्यार्थी भएका विद्यालयमा खटाइएका शिक्षकहरुलाई साविककै विद्यालयमा खटाउने तर निजहरुको पदाधिकार रहेको विद्यालयमा विद्यार्थी संख्या बढेमा निजहरुलाई नै पहिलो प्राथमिकता दिइ आफ्नो विद्यालयमा फिर्ता पठाउने निर्णय गरियो ।

(ङ) गाउँपालिकाको स्वीकृत निति तथा कार्यक्रम बमोजिम गाउँपालिकाभित्र कार्यरत शिक्षकहरुलाई पुरस्कृत गर्ने सम्बन्धमा छलफल हुदाँ उत्कृष्ट विद्यालय १ वटा, उत्कृष्ट शिक्षक तहगत रुपमा ३ जना, कर्मचारीमा १ जना, का.स.मा

१ जना, शिशु शिक्षकमा १ जना र प्रधानाध्यापकमा १ जना संस्थागत विद्यालयका शिक्षकहरु १ जनालाई पुरस्कृत गर्नको लागि प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुखलाई छनौट गर्न जिम्मा दिने निर्णय गरियो ।

(च) त्रिवेणी गाउँपालिका सबै विद्यालयहरुमा यस शैक्षिक वर्ष देखि मेरो त्रिवेणी पाठ्यक्रम अनिवार्य लागु गर्ने निर्णय गरियो ।

(छ) गाउँपालिकाको शिक्षा निति २०७५ बमोजिम शिक्षक र विद्यार्थीको अनुपातलाई कायम राखी बैशाख २० गतेसम्म भर्ना भएका विद्यार्थीहरुको संख्यालाई आधार मानी दरबन्दी मिलान गर्ने निर्णय गरियो ।

(ज) यस वर्षको शैक्षिक क्यालेण्डर निर्माण गर्दा २१० दिन पठनपाठन हुने र कम्तीमा २४० दिन विद्यालय खुल्ने सुनिश्चिता हुने गरी निर्माण गर्ने निर्णय गरियो । साथै यस वर्षको भर्ना अभियान २०७६ वैशाख २ देखि ६ गतेसम्म पहिलो चरणको र ८ गते देखि २० गतेसम्म दोस्रो चरणको भर्ना अभियान सञ्चालन गर्ने निर्णय गरियो । सबै वालबालीका विद्यालयमा भर्ना भएको सुनिश्चिता हुने गरी वडा कार्यालयलाई जिम्मेवारी दिई कार्यक्रम सफल बनाउने निर्णय गरियो ।

(झ) गाउँपालिकाबाट स्वीकृत कार्यक्रम बमोजिम अंग्रेजी माध्यमका कक्षा सञ्चालनका लागि विद्यालयले थप शिक्षक भर्ना गर्न रकम जम्मा गरेमा र विद्यार्थी संख्या प्रति कक्षा कम्तीमा २० जना भएमा वढिमा रु ५००००। पचास हजारका दरले बजेट निकासा दिने निर्णय गरियो ।

(ट) अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गरेका र गर्ने विद्यालयहरुलाई विशेष प्राथमिकतामा राखी आवश्यकता अनुसारका शिक्षक दरबन्दी मिलान गर्ने निर्णय गरियो ।

**निर्णय नं ५,**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सशस्त्र प्रहरी बल,नेपाल गुल्म हे.क्वा.सल्यानले सल्यानमा गुल्म स्थापना गरी संचालनमा आएको र हाल रहेको सेक्टर वन कार्यालय परिसरको भौतिक अवस्था जिर्न र अपुग भएको हुदा उक्त संरचना मर्मत संभारको लागि सहयोग माग गरेकोले उक्त गुल्मलाई जम्मा रु. **१ लाख गत वर्षको बाँकी बजेट अन्तरगतको विविध शिर्षकबाट** खर्च गर्नेगरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ६,**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्वास्थ्य क्षेत्रको सशर्त अनुदान तर्फ विनियोजित बजेट अन्तरगत बाह्य खोप केन्द्रको भवन निर्माण शिर्षकमा विनियोजित ३,००,०००। बजेट यस गाउँपालिकाको वडा नं ३ को टोडके, वडा नं ४ को सिद्ध टोल र वडा नं ६ को भूम्केज्यूलामा भवन निर्माण गर्न रु. १ लाखका दरले बजेट बाँटफाँट गर्ने र बाँकी स्थानीय स्तरबाट लागत सहभागिता जुटाएर काम गर्ने निर्णय गरियो ।